# पसल कवलहरु बहालमा लगाउने दरखास्त आव्हान सम्बन्धि सूचना

श्री सैनिक कल्याणकारी कोषको लगानीमा श्री नं.१ बाहिनी अड्डा, बालाजु र महाराजगञ्ज, बांसबारीमा श्री ईन्जिनियरिङ्ग तथा कल्याणकारी कार्य निर्माण कार्यकारिणी समितिबाट निर्माण सम्पन्न भएको एकल महिला स्वःरोजगार केन्द्र (Shutter), एकल महिला स्वःरोजगार केन्द्र सञ्चालन कार्यविधि, २०७६ मा उल्लेख भए बमोजिम उक्त केन्द्र व्यवस्थापन समितिको बोर्डको निर्णय अनुसार आवश्यक व्यवस्था मिलाई सञ्चालनमा ल्याउने स्वीकृति भए अनुरुप उक्त एकल महिला स्वःरोजगार केन्द्र संचालन कार्यविधिको दफा ४ र ७ को (ग) अनुसार पसल कवलहरु बहालमा लगाउने प्रयोजनका लागी निम्नानुसारका लक्षित हिताधिकारीहरुलाई प्राथमिकताको आधारमा उपलब्ध गराउने र लक्षित समुहहरुबाट आवेदन पर्न नआएको अवस्थामा मात्र गैह्र सैनिक तथा अन्य तेश्रो पक्षहरुलाई उपलब्ध गराउने सम्बन्धमा मिति २०७६/१०/१६ गतेबाट मिति २०७६/११/०१ गतेसम्म दरखास्त फारामको लागि श्री नं. १ बाहिनी अड्डामा सम्पर्क गर्नुहुन अनरोध गरिन्छ ।

(क) विगतको द्वन्दमा वीरगति प्राप्त राम्चेको पहिरो, रामेछापको डढेलो, महाभुकम्प २०७२ र नेपाल सरकारले वीरगति प्राप्त सैनिक व्यक्तिहरुका हकवाला र सो सरह सेवा सुविधा प्राप्त गर्ने निर्णय गरेका एकल महिलाहरु ।

(ख) कर्तव्य पालनाको शिलशिलामा मृत्यु भएका सैनिक व्यक्तिहरुका एकल महिलाहरु ।

(ग) विगत द्वन्द पीडित घाईते विरामीहरुको परिवारहरु ।

(घ) विपन्न आर्थिक अवस्था भएका हिताधिकारीहरु ।

(ङ) नेपाली सेना व्यवसायिक तालिम केन्द्र, व्यवसायिक तालिम ईन्स्टिच्युट, नेपाली सेना कल्याणकारी बोर्ड, सैनिक श्रीमती संघ लगायतका नेपाली सेनाका ईकाईहरुबाट प्रदान गरिएको स्वरोजगार मुलक व्यवसायिक तालिममा सफलतापुर्वक सहभागी भई सोही बमोजिमको व्यवसाय संचालन गर्नका लागि ।

३. साथै, स्वीकृत भाडादर निम्न अनुसार रहेको ।

(क) एकल महिला स्वःरोजगार केन्द्र, बालाजुको हकमाः स्थानिय बजारमा प्रचलित प्रति सटर भाडादर रु.१२,०००।- र रु.१५,०००।- सम्म प्रचलनमा रही आएको हुंदा सो भाडादरको ५०% अर्थात रु.७,०००।- (सम्पर्ण कर, पानी, बिजुली महशुल बाहेक) ।

(ख) एकल महिला स्वरोजगार केन्द्र, बांसबारीको हकमाः स्थानिय बजारमा प्रचलित प्रति सटर भाडादर रु.१३,०००।- र रु.१५,०००।- सम्म प्रचलनमा रही आएको हुंदा सो भाडादरको ५०% अर्थात रु.७,०००।- (सम्पूर्ण कर, पानी, बिजुली महशुल बाहेक) ।

४. दरखास्त फाराम भर्दा स्वयम उपस्थित हुनुपर्ने साथै आवश्यक पर्ने कागजादहरु निम्न अनुसार रहेको

(क) पासपोर्ट साईजको फोटो प्रति २ (दुई) तथा नागरिकता प्रमाणपत्र र पेन्सन पट्टा ।

(ख) शैक्षिक योग्यता भएमा सोको प्रमाणपत्र ।

(ग) व्यवसायिक तालिम गरेको भएमा सोको प्रमाणपत्र ।

(घ) अन्य आवश्यक प्रमाणहरु भएमा सो सहित ।

५. थप जानकारीको लागि सम्पर्क नं.०१-४३५१४७५ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

६. साथै आवेदन फाराममा उल्लेख भएका बाहेक अन्य शर्तहरु **"एकल महिला स्वरोजगार केन्द्र सञ्चालन कार्यविधि २०७६"** मा उल्लेख भएनुसार हुनेछ ।